आज मिति २०७९।०६।१३ गते बिहीबारको दिन यस बाणगंगा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिति रहेको छ।

उपस्थितिः

| क्र. स. | पदाधिकारीहरुको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोख्रेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | दानु घर्ती | कार्यपालिका सदस्य | |
| १७ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १८ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| २० | डिल बहादुर सुनार | कार्यपालिका सदस्य | |
| २१ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २२ | खिमानन्द भुसाल | सचिव | |

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

नगर कार्यपालिकाको आ.व.०७९।८० को दोस्रो बैठक २०७९।०६।१३ का

प्रस्तावहरु

२.०१. उपभोक्ता समिति गठन र अभिमूखिकरण सम्बन्धमा।

२.०२. भू-उपयोग वर्गिकरण सम्बन्धमा।

२.०३. नगर शिक्षा समितिको पूर्णता सम्बन्धमा।

२.०४. मनकामना संस्कृत विद्यापिठको अनुमति प्राप्त विषय परिवर्तन सम्बन्धमा।

२.०५. छाडा चौपाया व्यवस्थापन सम्बन्धमा।

२.०६. घरनक्सा अभिलेखिकरण गर्ने सम्बन्धमा।

२.०७. श्री शिवम् विल्डर्स प्रा.लि.का प्रवन्ध निर्देशक शुवास पाण्डेको निवेदन सम्बन्धमा।

२.०८. डेंगु रोग नियन्त्रण सम्बन्धमा।

२.०९. लागुऔषध टेस्ट किटको लागि रकम उपलब्ध गराउने सम्बन्धमा।

२.१०. झन्डापुजा र पालोपहरा व्यवस्थापन सम्बन्धमा।

२.११. खेलकुँद प्रवर्द्धन तथा आर्थिक सहयोग सम्बन्धमा।

२.१२. लघुउद्दम विकास कार्यक्रम (MEDPA) को लागत साझेदारी सम्बन्धमा।

२.१३. कार्यविधि खारेज गर्ने सम्बन्धमा।

२.१४. प्रदेश पूर्वाधार विकास प्राधिकरण, लुम्बिनी प्रदेशमा माग गर्ने योजना सम्बन्धमा।

२.१५. कार्यपालिका सदस्य दानु घर्तिको श्रद्धान्जली र किरिया खर्च सहयोग सम्बन्धमा।

**प्रस्ताव नं. २.०१**

**उपभोक्ता समिति गठन र अभिमूखिकरण सम्बन्धमा।**

**निर्णय नं. २.०१**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा चालु आर्थिक वर्ष २०७९।०८० को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार सडक कालोपत्रे भवन निर्माण कार्य बाहेकका योजनाहरुको सम्पादन गर्नको लागि सबै वडाहरुले कार्तिक तेस्रो हप्ता भित्र उपभोक्ता समिति गठन गरिसक्नुपर्ने र चौथो हप्ता देखि योजना सञ्चालन र फछ्र्यौट सम्बन्धी अभिमूखिकरण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २.०२**

**भू-उपयोग वर्गिकरण सम्बन्धमा।**

**निर्णय नं. २.०२**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा भू-उपयोग ऐन, २०७६ को दफा २० बमोजिम बाणगंगा नगरपालिकाको भू-उपयोग कार्यान्वयन समितिको मितिः२०७९।०५।१५ गते को निर्णायानुसार नगरका सबै वडाहरुमा सबै टोलको प्रतिनिधित्व हुने गरी भेला गराई अभिमूखिकरण गर्ने निर्णय भए अनुसार सबै वडाहरुमा अभिमूखिकरण सम्पन्न भैसकेको र वडाहरुबाट प्राप्त सुझाव सल्लाहरुलाई एकिक्रण गरी पुनः सबै वडाहरुलाई जानकारी गराउने र हालसम्म गरेका गतिविधिहरुको विषयमा नापी विभागको प्राविधिकहरुको सहयोग लिने एवं थप गरिमार्जित भई जानु पर्ने भएमा प्राविधिक रुजुबाट निश्कर्षमा पुग्न कार्यविधि निर्माणको लागि कार्यान्वयन समितिले विषयवस्तु एकिकरण गरी ल्याउने र स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २.०३**

**नगर शिक्षा समितिको पूर्णता सम्बन्धमा।**

**निर्णय नं. २.०३**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बाणगङ्गा नगर शिक्षा नियमावली, २०७४ को परिच्छेद-४, नियम २५ (ख) मा व्यवस्था भए अनुसार नगर शिक्षा समितिको सदस्यको रुपमा २ जना सदस्य कार्यपालिकाले तोक्ने प्रावधान अनुसार निम्नानुसार सदस्य तोकि पूर्णता दिने निर्णय गरियो।

१. कमल पौडेल - अध्यक्ष वडा नं. ९

२. शारदा परियार - कार्यपालिका सदस्य वडा नं. ८

**प्रस्ताव नं. २.०४**

**मनकामना संस्कृत विद्यापिठको अनुमति प्राप्त विषय परिवर्तन सम्बन्धमा।**

**निर्णय नं. २.०४**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ मा धार्मिक विद्यालयको रुपमा सञ्चालित मनकामना संस्कृत विद्यापिठलाई कक्षा ११ को अनुमति दिँदा अनिवार्य गणित विषय दिईएकोमा सो विषय पढ्ने बालबालिका नभएको कारण विषय परिवर्तन गराई अनुमति दिन माग भई आएकोले उक्त विषयको सट्टामा पढाई हुने अनिवार्य सामाजिक तथा जीवनपयोगी शिक्षा विषयको अनुमति दिने भनि नगर शिक्षा समितिबाट निर्णय भएकोले उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

...पाणी आर्याल
... प्रमुख

**प्रस्ताव नं. २.०५**

**छाडा चौपाया व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. २.०५**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा हाल व्यवस्थापन भएको चौपाया संख्यामा थप २५० देखि ३०० सम्मको छाडा चौपाया व्यवस्थापन गर्ने गरी तत्काल २१०० मीटर जग्गा तारवार गर्न ठेक्का प्रकृया शुरु भई सकेको र आर्थिक वर्ष २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रममा छाडा चौपाया व्यवस्थापन शिर्षकमा रहेको रकम मध्ये तत्काललाई २,००,०००।- (अक्षेरुपी दुई लाख) उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. २.०६**

**घरनक्सा अभिलेखिकरण गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २.०६**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा घरनक्सा अभिलेखिकरणको कार्य द्रुत गतिमा हुन नकेकोले सबै वडाहरुले घरनक्सा अभिलेखिकरण गर्ने कार्यलाई तिब्रता दिन अभिमूखिकरण सञ्चालन कार्यको लागि प्राविधिकहरुसंग समन्वय गर्ने तथा नयाँ संरचनाहरुको निर्माण गर्दा घरनक्सा पास गरेर मात्र मापदण्ड बमोजिम निर्माण गर्न प्रोत्साहन हुने कार्यक्रम सञ्चालन गर्ने र हाललाई २०७९ चैत्र मसान्तको लागि मापदण्ड बमोजिम घरनक्सा अभिलेखिरण कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.०७**

**श्री शिवम् विल्डर्स प्रा.लि.का प्रवन्ध निर्देशक शुवास पाण्डेको निवेदन सम्बन्धमा ।**

**निर्णय नं. २.०७**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा शिवम् विल्डर्स प्रा.लि.का प्रवन्ध निर्देशक श्री शुवास पाण्डेको मितिः२०७९।०४।१० गते यस कार्यालयमा दर्ता गरेको निवेदनको सम्बन्धमा मिति २०७८।१०।०९ को दशौं नगरसभामा छलफल हुँदा फिर्ता दिनुपर्ने रकम यकिन गरी फिर्ता दिने भनि निर्णय भएकोले प्राविधिक टोली समेतबाट नापजाँच भई आए बमोजिम नगर कार्यपालिकाको मितिः२०७८।०२।०२ बाट स्वीकृत परिमाण बराबरको रकम भन्दा बढी भुक्तानी दिन नसकिने निर्णय गरियो ।

**प्रस्ताव नं. २.०८**

**डेंगु रोग नियन्त्रण सम्बन्धमा ।**

**निर्णय नं. २.०८**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा हाल देशका विभिन्न स्थानमा महामारीको रुपमा फैलिएको डेंगु रोग यस नगरपालिकामा फैलिन नदिन डेंगु रोगबाट सुरक्षित रहन सबै वडाहरुमा जनचेतनामूलक माईकिङ गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २.०९**

**लागु औषध टेस्ट किटको लागि रकम उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. २.०९**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बढ्दो लागुऔषध सेवन र औसारपसार नियन्त्रण गर्न टेस्ट किट खरिद गर्न ईलाका प्रहरी कार्यालयलाई रु. ३6000।- उपलब्ध गराउने निर्णय गरियो ।

चक्रपाणी अर्याल
नगर प्रमुख

**प्रस्ताव नं. २.१०**

**झन्डापुजा र पालोपहरा व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. २.१०**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा मितिः२०७९।६।१५ देखि २०७९।०६।२२ सम्म विजया दशमी २०७९ को लामो विदा पर्ने भएकोले उक्त समयमा कार्यालयहरुको चल अचल सम्पत्तिको सुरक्षार्थ सम्बन्धित वडा कार्यालयले पालोपहराको व्यवस्था गर्ने र झण्डापुजा व्यवस्थापन वापत बिलभरपाईको आधारमा बढीमा २०००।- (अक्षेरुपी दुई हजार) भुक्तानी उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. २.११**

**खेलकुँद प्रवर्द्धन तथा आर्थिक सहयोग सम्बन्धमा।**

**निर्णय नं. २.११**

संस्कृति, साहित्य संरक्षण र खेलकुँद प्रवर्द्धन वापत निम्नानुसारको रकम उपलब्ध गराउने।

| सि.नं. | संस्थाको नाम | विवरण | रकम रु. | शिर्षक |
|---|---|---|---|---|
| १. | नगरको तर्फबाट बाहिरि जिल्ला सहभागी हुन गएका फुटवल खेलाडी | रुपन्देहीको कोटियामा सञ्चालित अन्तर जिल्ला स्तरीय फुटवल खेलमा सहभागी भई आएका खेलाडीहरुको जर्सी र आतेजाते खर्च वापत | ५०,०००।- | अन्य खेलकुँद प्रतियोगिता |
| २. | दधि स्मृती साहित्य समाज | राष्ट्रिय स्तरको कवि गोष्ठि र श्रष्ठा सम्मान कार्यक्रमको आयोजना | २५,०००।- | अन्य संस्थालाई शसर्त चालु अनुदान |
| ३. | लायन्स क्लव अफ कपिलवस्तु | पानी माथी साईकल चलाउँने खेल सञ्चालन र मनोरञ्जन | ५०,०००।- | अन्य खेलकुँद प्रतियोगिता |
| ४. | कपिलवस्तु ओएसिस क्लव वडा नं. ८ | जिल्ला स्तरीय नकआउट फुटवल प्रतियोगिताको आयोजना | २०,०००।- | अन्य खेलकुँद प्रतियोगिता |
| ५. | कालिका क्लव बाणगङ्गा १० कपिलवस्तु | भलिवल प्रतियोगिता | ६०,०००।- | अन्य खेलकुँद प्रतियोगिता |
| ६. | फुलवारी प्रगतिशिल युवा बाणगङ्गा ७ | फुटवल प्रतियोगिता | २०,०००।- | अन्य खेलकुँद प्रतियोगिता |
| ७. | जनप्रेमी युवा क्लव बाणगङ्गा २ पिपरा | 9A Side नकआउट फुटवल प्रतियोगिता संचालन | ६०,०००।- | अन्य खेलकुँद प्रतियोगिता |

**प्रस्ताव नं. २.१२**

**लघुउद्दम विकास कार्यक्रम (MEDPA) को लागत साझेदारी सम्बन्धमा।**

**निर्णय नं. २.१२**

लघुउद्दम विकास कार्यक्रम अन्तर्गत लागत साझेदारीको लागि रु.६,००,०००।- (अक्षेरुपी छ लाख) रकम आगामी नगरसभाबाट बिनियोजन हुने गरी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

चक्रपाणी अर्याल
नगर प्रमुख

**प्रस्ताव नं. २.१३**

**कार्यविधि खारेज गर्ने सम्बन्धमा।**

**निर्णय नं. २.१३**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा बाणगङ्गा नगरपालिकामा प्राविधिक तथा अन्य सहयोगी स्तरका कर्मचारी करारमा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ को दफा ११ थप गर्ने र मितिः२०७७।१०।०६ गते स्वीकृत दफामा बाणगङ्गा नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ खारेज गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २.१४**

**प्रदेश पूर्वाधार विकास प्राधिकरण, लुम्बिनी प्रदेशमा माग गर्ने योजना सम्बन्धमा।**

**निर्णय २.१४**

निम्नानुसारका योजनाहरु निर्माण तथा सञ्चालनको लागि पूर्वाधार विकास प्राधिकरण, लुम्बिनी प्रदेशमा माग गर्ने निर्णय गरियो।

| सि.नं. | योजनाको नाम |
|---|---|
| १ | कृषि उपज संकलन केन्द्र, बाणगङ्गा ११ |
| २ | फोहरमैला प्रसोधन केन्द्र |
| ३ | शान्ताकुँज मधुवनधाम गौशाला व्यवस्थापन बाणगङ्गा ८ |
| ४ | राजापानी पोखरी डुङ्गा व्यवस्थापन बाणगङ्गा ३ |
| ५ | भलवाड कृषि हाटबजार व्यवस्थापन बाणगङ्गा ९ |

**प्रस्ताव नं. २.१५**

**कार्यपालिका सदस्य दानु घर्तिको श्रद्धान्जली र किरिया खर्च सहयोग सम्बन्धमा।**

**निर्णय नं. २.१५**

प्रस्तुत प्रस्ताव उपर छलफल गर्दा यस बाणगंगा नगरपालिका कार्यपालिका सदस्यको रुपमा रहनुभएको दानु घर्तिको विरामी भई उपचारको क्रममा यही २०७९ असोज १ गते मृत्यु भएकोमा यस नगरपालिका सिंगो परिवारलाई निकै मर्माहत तुल्याएको छ, दुःखको यस घडिमा मृतक आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्ने र निजको घरको पारिवारिक र आर्थिक अवस्था निकै दयनीय रहेकोले काजकिरिया खर्च वापत रु.५०,०००(अक्षेरुपी पचास हजार) विपद् व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

चक्रपाणी अर्याल
नगर प्रमुख